आ.व. २०७५/०७६ को २१ औं बैठक

आज मिति २०७६ साल बैशाख २४ गते मंगलवार विहान ८ : ०० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।
सदस्य-सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

आमन्त्रित

१. श्री धन प्रसाद शर्मा, लेखा अधिकृत ।
२. श्री रेशमराज अधिकारी स.ले.पा. ।
३. श्री रबिन्द्र कुमार चौधरी, स.क.अ. ।

निर्णयहरु :

निर्णय नं. १ यस गाउँपालिकाका लागि बैकल्पिक उर्जा प्रवर्द्धन तर्फ ससर्तको रुपमा बाँयोग्याँसको लागि रु. २,५२,०००/- लाई यस गाउँपालिकाका ईच्छुक कृषकहरुलाई प्रति परिवार रु. १४,८२३/- का दरले अनुदान दिने गरी कुनै आपूर्ति कर्तासँग सम्झौता गरी कार्यान्वयन गराउन गाउँपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. २ राप्ती गाउँपालिकाको कक्षा ८ को पूरक परीक्षाको केन्द्राध्यक्ष गोविन्द वहादुर के.सी. लाई राख्ने, आवश्यक शिक्षक गार्डको लागि केन्द्राध्यले व्यवस्था गर्ने, प्रवेशपत्र सम्बन्धीत विद्यालयमा पठाउने, कपि जाँचको लागि गा.पा. शिक्षा शाखाले नै जिम्मा लिने र परीक्षा अनुगमन गा.पा. स्तरीय अनुगमन समितिले गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ यस गाउँपालिका अन्तरगतका स्वास्थ्य सेवा र पशु सेवामा आवश्यक पर्ने निम्नानुसारको सामाग्रीहरु खरिद गर्न कार्यालयलाई निर्देशन दिने ।

क) Portable USG Machine

ख) Autoclave

ग) Hot air Oven

घ) Incubator with Thermometer

ङ) Microscope Binocular

च) Digital Weighing Balance

छ) Centrifuge Machine

ज) Micro Pipette

झ) Refrigerator

ञ) Deep Freeze

ट) Cool Box

ठ) Haemo Meter

ड) Post Morten Set

ढ) Glass Wares, Chemicals

ण) Culture Medias and Sensitivity Disc

त) Sample collection Materials

निर्णय नं. ४ यस गाउँपालिकाको वार्ड नं. १ भालुवाङ, दाङमा रहेको यातायात व्यवस्था सेवा कार्यालयले हालसम्म व्लु वुक नविकरण, सवारी जाँचपास नविकरण, रुट प्रमिट नविकरण, अस्थाई सवारी ईजाजत पत्र(पटके) लगायतका सेवाहरु मात्र दिदैं आई रहेकोले यस क्षेत्रका जनताले चालक अनुमति पत्र(लाईसेन्स), सवारी दर्ता, नामसारी र खारेजी जस्ता थप सेवा माग गरेकाले थप सेवा विस्तारको लागि प्रदेश नं. ५ को भौतिक पुर्वाधार विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : संघीय सरकारको ससर्तबाट यस गा.पा. लाई उपलब्ध साना सिंचाई/सुक्ष्म सिंचाई तर्फ प्राप्त बजेट मध्येबाट रु. ५०,०००/- मझेरियाको वोरिङ्ग मर्मत गर्नका लागि उपलब्ध गराउने ।

निर्णय नं. ६ : यस राप्ती गाउँपालिकाको वार्ड नं. २ मा गाउँ सभाबाट पारित पशुस्थानान्तरण शिर्षकमा रु. ४,००,०००/- विनियोजन भएकोमा उक्त पशु वृद्धश्रम स्थानान्तरण गर्न नमिल्ने भएकोले उक्त पशुस्थानान्तरण शिर्षकमा विनियोजित रकम रु. ४,००,०००/- लाई परिवर्तन गरी पशु वृद्धाश्रम व्यवस्थापन निर्माण उपभोक्ता समिति कायम गर्ने ।

निर्णय नं. ७ : यस राप्ती गाउँपालिकाको वार्ड नं. ४, मौरीघाट वडवापगरी अधुरो नाला निर्माणको लागि मौरीघाट भानपुर सडकको टेण्डर प्रक्रियाबाट घटेको रकम मध्येबाट रु. १,५०,०००/- विनियोजन गर्ने ।

निर्णय नं. ८ : महिला बालबालिका तथा समाज कल्याण इकाईबाट ससर्त बजेट तर्फको कार्यक्रम समूह सदस्यको अनुशिक्षण रु. ३१,०००/- अपुग भई महिला ससक्तिकरण सम्बन्धी तालिम तथा सचेतना कार्यक्रम रु. १,५०,०००/- बाट रु. १३,३००/- रकम थप गर्ने र नेतृत्व तथा संस्थागत विकास तालिमको रकम रु. ५२,०००/- अपुग भई महिला सशक्तिकरण सम्बन्धी तालिम तथा सचेतना कार्यक्रममा बाँकी १,३६,७००/- बाट ३५,३७५/- रकम थप गर्ने ।

निर्णय नं. ९ : यस गाउँपालिकाको वडा नं. ९ को रुपाकोटमा सिलाई कटाई तालिमको लागि बजेट विनियोजन भएकोमा उक्त तालिम घरेलु तथा साना उद्योग कार्यालयबाट संचालन भएकोले उक्त शिर्षकमा विनियोजन भएको रु. १,७६,०००/- बाट सोही तालिममा सहभागीहरुलाई सिलाई मेशिन वितरण गर्ने ।